# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग १३ गते २०२३ साल

### सर्वोच्च अदालतको

### सूचना

मिति ०२२-११-२४ को नेपाल गजेट भाग ४ मा प्रकाशित कानून तथा न्याय मन्त्रालयको सूचनाले दिएको अधिकार प्रयोग गरी श्री माननीय प्रधान न्यायधीशज्यूबाट मिति ०२३-७-२३ देखि भेरी अञ्चल अदालतका ना. सु. श्री कुलेन्द्रपुरुष ढकाललाई जुमला, तिब्रिकोट तथा मुगु जिल्ला अदालतको का. मु. जिल्ला न्यायाधीशमा मुकरर गरिएको छ ।

सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार ।

### सर्वोच्च अदालतको

### सूचना

सर्वोच्च अदालत नियमावली, २०२१ बमोजिम वकालत गर्न पाउने गरी निम्न-लिखित व्यक्तिहरूलाई यस अदालतको स्टेण्डिङ कमिटिका निर्णयानुसार देहायका श्रेणीको वकिलमा दर्ता गरी देहायका मितिमा प्रमाणपत्र दिएकोहुनाले सोही नियमावलीको नियम २२।३ अनुसार मातहत अदालत र श्री ५ को सरकारको अन्य अधिकारिवर्गको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२३।६।११।३ मा

एजेण्ट श्री युगल नारायणदत्त कायस्थ जि. सप्तरी प्र. जगदर मौजे राजपुर – – १

२०२३।६।१६।१ मा

प्लीडर श्री गणेशबहादुर कार्की कपिलबस्तु तौलिहवा – – – १

२०२३।७।१८।५ मा

प्लीडर श्री गाङ्गबहादुर पौडेल प. ४ नं. नुवाकोट रंग बालाकुरी – – १

एजेण्ट श्री सुदर्शन पाण्डे बहादुर जि. सप्तरी प्र. जगदर मौजे राज बिराज – – १

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार।

## सर्वोच्च–अदालतको

## सूचना

यस अदालतका डेपुटी रजिष्ट्रार श्री पृथ्वीबहादुर सिंह मिति ०२३–७–१४ देखि दिन २० को निमित्त घर बिदामा बस्नु भएकोले उहांको अनुपस्थितिमा उहांको कार्यभार सम्हाल्ने गरी यसै अदालतका एडिटर श्री नरेन्द्रबहादुर न्यौपानेलाई कायम मुकायम डेपुटी रजिष्ट्रार मुकरर गरिएको छ।

सुरेन्द्रप्रसाद सिंह,
रजिष्ट्रार।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।